# मनकामना स्मार्ट
## लघुवित्त वित्तीय संस्था लिमिटेड

*नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)*

**सिद्धार्थनगर -५, मैत्रीपथ, भैरहवा - रुपन्देही, फोन नं. : ०७१-५८७३१६, ५८७३१७**

**इमेलः manakamanalbs@gmail.com, वेबसाइटः www.manakamanalbs.com**


# चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/२६ गते)

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०८/२४ मा बसेको संचालक समितिको ६७ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछ ।

**साधारण सभाको मिति, समय र स्थानः**

मिति : २०७८/०९/१९ सोमबार तदनुसार जनवरी ३, २०२२ ।
समय : दिउँसो २:०० बजे ।
स्थान : होटल पौवा, सिद्धार्थनगर-६, रुपन्देही ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने । साथै, साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गते सम्मको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गतेसम्मको कारोवारको लेखापरीक्षण गर्नकालागि नियुक्त लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गर्नकालागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक पुनः नियुक्तिकालागि योग्य हुनुहुन्छ ।)
५. वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुइ) जना संचालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/०७८ को खुद मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.१२,११,५०,०००/- को १७ प्रतिशतले हुन आउने रकम रु.२,०५,९५,५००/- (अक्षरेपी दुई करोड पाँच लाख पन्चानब्बे हजार पाँच सय मात्र) बराबरको वोनश शेयर जारी गर्ने ।
२. बोनश शेयर जारी गरे पश्चात् वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही हदसम्म जारी तथा चुक्ता पूँजी कायम गर्न वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।
३. वित्तीय संस्थाको नियमावलीको नियम ३२ को १ (ख) र १ (ग) संसोधन गर्ने ।
४. यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्न गाभिन वा प्राप्ति गर्न वा अन्य लघुवित्त वित्तीय संस्था संग गाभिनका लागि उपयुक्त देखिएमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन तथा सो सम्बन्धी आवश्यक निर्णय गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, परिमार्जन वा थपघट गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन वित्तीय संस्थाको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी :**

१. चौथो वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको कार्य मिति २०७८ साल पौष ४ गतेबाट पौष १९ गतेसम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०९/०१ गतेसम्म कारोवार भई तोकिएको समयभित्रमा शेयर दाखिला खारेजी भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयरधनी किताबमा कायम रहेका शेयरधनीहरुले मात्र यस साधारण सभामा भाग लिन र वोनस शेयर पाउन योग्य हुनेछन् ।
२. बिद्यमान कोरोना महामारीका कारण स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै न्युन उपस्थितिमा साधारण सभा गर्नुपर्ने भएकाले शेयरधनी महानुभावहरुलाई सकेसम्म भर्चुअल माध्यमबाट सभामा सहभागिता जनाउने व्यवस्था मिलाइएको छ । भर्चुअल माध्यमबाट सहभागिता जनाउने तथा जिज्ञासा राख्न इच्छुक शेयरधनी महानुभावहरुलाई manakamanalbs@gmail.com मा इमेल गरी वा ९८५७०२४६६६ मा सम्पर्क गरी सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो इमेल ठेगाना उपलब्ध गराउनु हुन अनुरोध छ । यसरी उपलब्ध इमेल ठेगानामा साधारण सभा कार्यक्रमको Link/Meeting ID/Pass Code उपलब्ध गराइने छ ।
३. साधारण सभामा भाग लिनका लागि सूचनासाथ प्रेषितः प्रवेशपत्र सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनु हुन सबै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।
४. यस वित्तीय संस्थाले आफ्नो वेब-साईटः www.manakamanalbs.com मा साधारण सभामा पेश हुने संचालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वित्तीय विवरण र सभासम्बन्धी सूचना राखेकोले सो विवरणहरु डाउनलोड गरी लिन सक्नु हुनेछ ।
५. साधारणसभामा भाग लिन, छलफल गर्न र मतदान गर्न प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय मैत्रीपथ-५, रुपन्देहीमा दर्ता गराइ सक्नुपर्नेछ ।
६. प्रतिनिधि नियुक्त गर्दा एकजना भन्दा वढी नियुक्त गर्न सकिने छैन ।
७. शेयरधनी महानुभावहरुको हाजिरी पुस्तिका सभा स्थलमा साधारणसभा हुने दिन बिहान १०:०० वजेदेखि साधारण सभा समापन नहुञ्जेलसम्म खुल्ला रहनेछ ।
८. कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाँउदा सभा हुनु भन्दा ४८ घण्टा अगावै संस्थालाई लिखित जानकारी गराउँनु पर्नेछ ।
९. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा एकहप्ता अगावै कार्यालय समय भित्र अध्यक्षज्युलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । उक्त विषयको औचित्य हेरी छलफलमा समावेश गरिएतापनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।
१०. यसमा उल्लेख नभएको जानकारी सम्बन्धमा वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।
११. सर्वसाधारण तर्फको शेयरधनीको प्रतिनिधित्व हुने दुई जना संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम वित्तीय संस्थाको वेभ साईटमा सभा हुने दिन भन्दा सात दिन अगाडी राखिने व्यहोरा शेयरधनीहरुलाई जानकारी गराइन्छ ।